**निर्णय नं. १**

यस नगरपालिका भित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लगत संकलन तत्काल गरि एकिकृत तथ्यांक तयार गुर्नपर्ने भएकोले १३ वटै वडा कार्यालयलाई कार्यबोझका आधारमा तपसिलमा उल्लेखित भए अनुसारको संख्यामा तथ्यांक संकलक छनौट गर्ने अधिकार वडा समितिलाई दिने र छनौट गरी सोको जानकारी मिति २०७७।१०।२२ गतेसम्म नगरपालिकामा सिफारिश गरि पठाउने निर्णय गरियो ।

तपसिल

➢ वडा नं. १,२,३,९, ११ र १२ मा २ जनाका दरले, वडा नं. ५,६,७ र ८ मा १ जनाका दरले, वडा नं. १० र १३ मा ४ जनाका दरले र वडा नं. ४ मा ३ जना गरी जम्मा २७ जना मात्र ।

**निर्णय नं. २**

तथ्यांक (लगत) संकलन कार्यमा खटिने संकलकलाई प्रति फाराम भरेको रू.१०० (अक्षरुपी एक सय मात्र) का दरले वडा कार्यालयको सिफारिशका आधारमा एकमुष्ठ रकम भुक्तानी नगरपालिका मार्फत सम्बन्धित संकलकलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको फाराम रूजु गर्ने जिम्मेवारी ईकाइ संयोजक यस नगरपालिकाका अधिकृतस्तर छैठौं श्री दामोदर अधिकारीलाई दिने र १३ वटै वडाको हकमा फाराम जुरू गर्ने कर्मचारी सम्बन्धीत वडामा कार्यरत तपसिल अनुसारका सचिवहरूलाई जिम्मेवारी दिने निर्णय गरियो । साथै तथ्यांक संकलकलाई उपलब्ध गराउनु पर्ने आवश्यक सामानहरू जस्तै झोला, मार्कर, अनुसूची-३ र ४ फाराम, दर्ता रजिष्टर, निस्सा, स्ट्यापलर, ग्लू स्टीक आदि लगायतका सामानहरू लगत संकलन ईकाइ मार्फत छपाई/व्यवस्था गरि समयमै उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

वडा नं. १ - वडा सचिव श्री निर्मला कुमारी अधिकारी,
वडा नं. २ - वडा सचिव श्री लिला रावल,
वडा नं. ३ - वडा सचिव श्री महेश प्रसाद ढकाल,
वडा नं. ४ - वडा सचिव श्री धिरेन्द्र कुमार चौधरी,
वडा नं. ५ - वडा सचिव श्री मागर महतो,
वडा नं. ६ - वडा सचिव श्री निर्चना चापागाई,
वडा नं. ७ - वडा सचिव श्री मुकेश यादब
वडा नं. ८ - वडा सचिव श्री अनिता पन्त
वडा नं. ९ वडा सचिव श्री सिता शिवाकोटी
वडा नं. १० वडा सचिव श्री रन्जना उप्रेती
वडा नं. ११ वडा सचिव श्री कृष्ण प्र. पराजुली
वडा नं. १२ वडा सचिव श्री छन्नु प्र. चौधरी
वडा नं. १३ वडा सचिव श्री केशरी माया पाठक

**निर्णय नं. ४**

मिति २०७७।१०।१० मा गर्न तय भएको स्थगित आठौं नगरसभा मिति २०७७।१०।२४ गतेका दिन नगरसभा हलमा बिहानको ११:०० बजे गर्ने निर्णय गरियो ।